# हरिनगर गाउँपालिका

**हरिनगरा,सुनसरी**

**प्रदेश नं.१, नेपाल**

प.सं. २०७६/०७७
च.नं.

मिति : २०७७/०१/१७

हरिनगर गाउँपालिकाका अध्यक्ष श्री गफार अन्सारीबाट जारि गरिएको प्रेस विज्ञप्ती ।

वैश्विक माहामारीका रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट विश्वको अधिकांस भुभाग प्रभावित भएको र नेपाल समेत यस माहामारीबाट अछुतो नरहेको व्यहोरा विदितै छ । कोरोना भाइरसको संक्रमण रोकथाम तथा सो संक्रमणबाट आम नागरिकलाइ बचाउन नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण विपन्न घर परिवारहरुको जीवनयापनमा पर्न गएको कठिनाइलाइ मध्यनजर गरि आयोजना गरिएको सर्वदलिय/सर्वपक्षीय बैठकको सुझाव बमोजिम गाउँ कार्यपालिकाको बैठकबाट विपन्न घर परिवारलाइ राहत वितरण गर्ने निर्णय भए बमोजिम नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड विराटनगरबाट खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय,विराटनगरले नेपाल सरकारले चामलका लागि तोकेको अनिवार्ण गुणस्तर मापदण्ड अनुकुल रहेको भनी दिएको विश्लेषण प्रतिवेदन बमोजिमको ७०० क्विन्टल चामल,साल्ट ट्रेडिङ कर्पोरेशनबाट ३५ सय किलो नुन र बाग्मती आयल इन्डस्ट्रिजबाट ३५०० लिटर तेल खरिद गरि प्रति विपन्न परिवार १५ किलो चामल, १ लिटर तेल, १ किलो नुन तथा २ प्याकेट चाउचाउको राहत प्याकेज तयार गरि राहत वितरण गरिएको व्यहोरा सवै सामु प्रस्तुत छ । यसरी वितरण गरिएको राहत सामाग्री मध्येको चामलका सम्बन्धमा संकटको समयमा तरल भएको परिस्थितिको मौका छोपि फाइदा उठाउने गलत मनसायका साथ केहि सामाजिक सजाल प्रयोगकर्ता तथा व्यक्तिहरुले प्लाष्टिकको चामल वितरण गरिएको भनि जनप्रतिनिधिहरुलाइ बदनाम गर्ने कुत्सित मनसायका साथ जनमानसमा भ्रमको खेति गरिरहेको तर्फ गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । पानी धमिलिएको मौका छोपि तथ्य र सत्य भन्दा बाहिर गएर निहित उदेश्यका साथ संदेश प्रवाह नगर्न र वितरण गरिएको चामलको गुणस्तर विश्लेषण प्रतिवेदनको प्रति गाउँपालिकासँग सुरक्षित रहेको हुदा प्राप्त राहत सामाग्रीको गुणस्तरका सम्बन्धमा चलाइएको हल्लाको भ्रममा नपर्न हरिनगर गाउँपालिका सबैमा हार्दिक अपिल गर्दछ ।

गफार अन्सारी
अध्यक्ष

गफार अंसारी
अध्यक्ष